# टीकापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
टीकापुर,कैलाली,
सुदूरपश्चिम प्रदेश,नेपाल

प.स. ०७५/०७६
चलानी नं.

### सिलबन्दी बोलपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति २०७६/०२/२३ गते)

यस कार्यालयबाट चालू आ.व. २०७५/०७६ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्थानियय तहमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्वन्धि कार्यविधि २०७५ मा भएको व्यवस्था वमोजिम यस टीकापुर नगरपालिका वडा नं. ५ नुक्लिपुरमा स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य ठेक्का प्रक्रियाद्वारा गर्नु पर्ने भएकोले आय करको स्थाई लेखा नम्बर भएका मु.अ.क.मा दर्ता भएका इच्छुक निर्माण ब्यावसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्रआव्हानका लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्र दाताहरुले पछि फिर्ता नहुने गरी रु.३,०००।- (अक्षेरुपी तिनहजार मात्र) बुझाई लिखित निवेदनको साथ मा बोलपत्रदाताको अद्यावधिक ईजाजतपत्र, मु.अ.क.मादर्ता भएको प्रमाण पत्र,स्थानिय तहमा व्यवसायदर्ता गरेको प्रमाण पत्र र आ.व.२०७४/७५ सम्मको कर चुक्ता प्रमाण पत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु पेश गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र (मिति २०७६।०३।२० गते सम्म) यस कार्यालयको राजश्व उप-शाखाबाट बोलपत्र फाराम खरिद गरी ३१ औ दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्ने छ र सोही दिनको २.०० बजे स्थानीय सरकारी कार्यलयका प्रतिनिधी र बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलीनेछ । बोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिमदिन सार्वजनिक विदा पर्न गएको खण्डमा सोको लगत्तै कार्यालय खोलिने दिन बोलपत्र दाखिला गर्ने र खोल्ने कार्य गरिनेछ ।

२. यस कार्यालयको प्रमुखले सही गरेको र कार्यालयको छाप लागेको बोलपत्र खरिद गरी सोहि फाराममा आफ्नो दररेट लेखी बोलपत्रदाताले सही गरी बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ । एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

३. सिलबन्दी बोलपत्रको बाहिर खाममा यस कार्यालयलाई सम्बोधन हुने गरी कामको नाम र ठेक्का नं. स्पष्ट उल्लेख गरी निर्माण व्यवसायीको नाम र छाप लगाएको सिल संख्या स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

४. यस कार्यालयबाट विक्रि नभएको, जमानत संलग्न भै नआएको, बाहिर खाममा र बोलपत्रको व्यहोरा फरक परेको, सिलबन्दी भई नआएको ,कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको, म्याद नाघि आएको र रित नपुगेको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. नगद धरौटीको बैंक भौचरमानिर्माण ब्यावसायीको नाम,ठेगाना लेख्नु पर्नेछ । सूचना प्रकाशित भएको मिति भन्दा अगाडीको बैंक भौचर वा बैंक ग्यारेन्टी वा ड्राफ्ट लाई मान्यता दिईने छैन ।

६. बोलपत्र साथ यसै सूचनामा तोकिएको धरौटी वापतको रकम नेपाल बैंक लिमिटेड टीकापुर शाखामा यस कार्यालयको नाममा रहेको धरौटी खाता नं १०७०३००००००००३०००००२ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम दिनबाट गणना हुने गरी कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त"क"बर्गको वाणिज्य बैंकबाट जारी गरिएको विडबन्ड संलग्नगर्नु पर्नेछ ।

प्रि. प्रमुख प्रशासकिय अधिकृत

७. संयुक्त उपक्रम(जे. भी.)मा कामगर्ने निर्माण ब्याबसायीले संयुक्त लगानी सम्बन्धी सम्झौताको विवरणहरु खुलेको सक्कलै कागजातहरु वा प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा भागलिने निर्माण व्यवसायीले (दुई जनाभन्दा वढी हुन नहुने) संयुक्तउपक्रम को सक्कल सम्झौता पत्रअनिवार्य रुपमा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

८. पेश भएको सिलबन्दीबोल पत्रको कबोल रकममाअंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र बोलपत्रमा दररेट उल्लेख गर्दा मूल्यअभिवृद्धि कर बाहेकको रकमउल्लेख गर्नु पर्ने छ ।

९. पेश भएको सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. बोलपत्रखरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ ।

११. निर्माण कार्यहरु तोकिएको स्पेशिफिकेशनअनुसार गर्नु पर्नेछ ।

१२. स्वीकृत नभएका बोलपत्रदाताहरु को विडवण्ड वा धरौटी रकम ठेक्का सम्झौता सम्पन्न भए पछि मात्र फुकुवा गरिनेछ

१३.यसमा उल्लेख भएबाहेकका अन्य कुराको हकमा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए अनुसार हुनेछ र बांकी कुराहरु सार्वजनिक खरिद ऐन ,२०६३ र सार्वजनिकखरिद नियमावली ,२०६४ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१४.यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

ठेक्का विवरण

| सि.न. | ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | ल.ई. रकम (मु.अ.कर र कन्टिजेन्सि वाहेक) | जमानत रकम | कैपियत |
|---|---|---|---|---|---|
| १. | ७६-०७५/०७६ | स्वास्थ्य सेवा केन्द्र भवन निर्माण आयोजना टीकापुर नगरपालिका वडा नं. ५ नुक्लिपुर कैलाली | ३२९४००० | ०० | ९४००० | ०० | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रति (प्रमुख प्रशासकिय अधिकृत)
प्रमुख प्रशासकिय अधिकृत